नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

फोन ४२००१०१, ४२००२८१

(राजश्व परिचालन शाखा)

पत्र संख्या:- ०७१/०७२

चलानी नं.: ४०

अत्यन्त जरुरी

मिति :- २०७१/५/३०

विषय: गाविस तथा नगरपालिकाहरुले उठाउने विज्ञापन कर सम्बन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालयहरु सबै ।

प्रस्तुत विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अनुसन्धान महाशाखा नं. ७ को प.सं.: ७स्था।५२६।०७०।७१ च.नं. ३४१ मिति:२०७१।५।१५ को प्राप्त पत्र अनुसार, स्थानीय निकायहरुले राजश्व (कर) निर्धारण र संकलन गर्दा प्रचलित कानूनले तोके बमोजिमको प्रकृया अपनाएको नपाईएको, सार्वजनिक स्थानमा विज्ञापन वा साईनबोर्ड राख्नेलाई बार्षिक रु २०० देखि रु १००० सम्म विज्ञापन कर लिने व्यवस्था भएकोमा ऐन/नियमले तोके भन्दा धेरै फरक दरमा कर उठाउने गरेका, त्यसरी कर निर्धारण गर्दा सबै स्थानीय निकायहरुको कार्यमा एकरुपता नभएको, कुनै सुविधा सम्पन्न नगरपालिकाले विज्ञापन दर प्रति स्क्वायर फिट रु १ कायम गरेको छ भने कुनै गाबिसले प्रति स्क्वायर फिट रु ७५। सम्म लिने गरेको, कर बुझाँउदा करदाताहरुलाई सहजता नरहेको भन्ने विषयमा उजूरी परी यथाशिघ्र कानूनि कारवाही गरी कर निर्धारण र संकलन कार्यलाई नियमित, एकरुप र सहज बनाउन तथा सो को जानकारी तथा प्रतिवेदन अविलम्ब आयोगमा पेश गर्न निर्देशन भए अनुसार देहायका विषयमा तहाँ जिल्ला अन्तर्गतका नगरपालिका तथा गाउँ विकास समितिसंग अभिलेख लिई वा छानवीन गरी ७ दिन भित्र छिटो साधनद्धारा विवरण पठाउनु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

## तपसिल

१. गाविसहरुले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ७० (अनुसूची ४) र नगरपालिकाहरुले सोहि नियमावलीको नियम १४२ (अनुसूचि १०) अनुसार विज्ञापन करहरु तोकिएको दर बमोजिम उठाउने गरेको छन् या छैनन् ? विज्ञापन कर उठाउने स्थानीय निकायहरुको नामावली र विज्ञापन करको दर ।
२. उपरोक्त कर वापत गत आर्थिक बर्ष तथा चालू बर्षमा स्थानीय निकाय पिच्छे (गाविस र नगरपालिका) के कति दरका हिसावले जम्मा कति राजश्व आम्दानी भएको थियो ?
३. उपरोक्त कर स्थानीय निकायले कुन प्रक्रिया (ठेक्का, अमानत वा अन्य)बाट उठाउने गरेको छ ? ठेक्का मार्फत हो भने ठेकेदारको नाम, ठेकेदार छनौटको प्रकृया, विज्ञापन ईकाई, विज्ञापन दर र सम्झौता रकम र सम्झौताको प्रतिलिपी ।
४. स्थानीय निकायहरुले अन्य राजश्व (कर) निर्धारण, संकलन तथा परिचालन गर्दा के कस्ता करदाता मैत्री, सहजकारी व्यवस्था गरेको छ, सो को विवरण ।

०७१/५/३०

**बोधार्थ**

श्री सुशासन शाखा
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौ । तहाँको च.नं. १२१, मिति२०७१।५।२९ को पत्रका सन्दर्भमा ।

उपरोक्त विवरण पठाउने सम्पर्क फोन नं.०१ ४२००४७४,४२००२८९,फ्याक्स: ४२००३०४, ४२००४८४

भ्रष्टाचार विरुद्धको चाल, असल शासनको बहाल ।